सुर्तीजन्य पदार्थको सेवनबाट विभिन्न किसिमका क्यान्सर (फोक्सो, मुख, घाँटी, रगत, पेटलगायतका शरीरका अङ्गहरू), मुटुसम्बन्धी रोगहरू, हृदयघात, मस्तिष्कघात, दम, खोकी, क्षयरोग, निमोनिया र श्वासप्रश्वाससम्बन्धी दीर्घकालीन रोग लाग्न सक्छन् ।
त्यसैले सुर्तीजन्य पदार्थ सेवन नगरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक
दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com

जनहितमा जारी सन्देश
वर्षात् कीरा–फटचाङ्ग्रा, साँप–बिच्छी सलबलाउने समय हो । बारी, खेत जाँदा, राति अँध्यारोमा हिंड्दा सतर्क बनौं । सतर्कताले धन जोगाउँछ, ज्यान बचाउँछ ।
वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३७ ❖ २०८१ साउन २० गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 August 04 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क ३३३

## पोखरियामा लघुवित्तपीडितहरूको भेला
# आवश्यक परे बन्दुक उठाउँछौं –अध्यक्ष पौडेल

प्रस, पोखरिया, १९ साउन/

लघु वित्तीय तथा वित्तीय शोषणविरुद्धको सङ्घर्ष समिति नेपाल प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारले आफूहरूको माग सम्बोधन गर्ने र ऋण मिनाहा गर्ने बताए । उनले यही भगत, प्रभु महतो कुशवाहा, केन्द्रीय सल्लाहकार समिति सदस्य गोवर्द्धन यादवलगायतले मन्तव्य व्यक्त गरेका




जिल्ला कार्यसमिति पर्साको आयोजनामा शनिवार पोखरिया नगरपालिकामा जिल्लास्तरीय भेला तथा प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ ।

पोखरिया नपा–४ शिवमन्दिरमा आयोजित कार्यक्रमको उद्घाटन लघु वित्तीय संस्थाविरुद्ध सङ्घर्ष समितिका केन्द्रीय अध्यक्ष मणिराम ज्ञवालीले गरेका थिए । कार्यक्रममा ज्ञवालीले लघु वित्तीय संस्थाको ज्यादती चरम सीमामा पुगेको बेला लघु वित्तीय संस्थाविरुद्ध सङ्घर्ष समिति बनाएपछि लघुवित्तको ज्यादती रोकिएको दाबी गरे । उनले मिटरब्याजी र लघु वित्तीय संस्था सङ्घर्ष समिति मिलेर सामाजिक न्यायको लागि आन्दोलन गरेको बताए । उनले वर्तमान साउन २७ गतेदेखि काठमाडौंमा आन्दोलन शुरू गर्ने र हाम्रो प्रतिवेदन कार्यान्वयन नभएसम्म आन्दोलन जारी रहने बताए । उनले विद्युत्को अर्बौं बक्यौता माफ गर्ने मूड बनाएको सरकारले आफूहरूको ऋण मिनहामा सकारात्मक हुने विश्वास व्यक्त गरे ।

लघु वित्तीय संस्थाविरुद्ध सङ्घर्ष समितिका जिल्ला सचिव शशिभूषण साह कानूको अध्यक्षता भएको कार्यक्रममा राष्ट्रिय स्वयंसेवक नेपालका केन्द्रीय अध्यक्ष मनोज पौडेल, लघु वित्तीय संस्थाविरुद्ध सङ्घर्ष समितिका मधेस प्रदेश सचिव तथा पर्सा जिल्ला अध्यक्ष शिव साह तेली, बाग्मती प्रदेश अध्यक्ष क्षेत्रबहादुर भुसाल, सप्तरी अध्यक्ष मदन थिए ।

कार्यक्रममा राष्ट्रिय स्वयंसेवक नेपालका अध्यक्ष मनोज पौडेलले आन्दोलनलाई कसैले दबाउन खोज्यो भने त्यसको प्रतिफलकमा आफूहरूले युवा दस्ता बनाएको बताए । उनले आन्दोलन दबाउन खोज्नेविरुद्ध युवा दस्ता परिचालन गरेर निरुत्साहित गर्ने बताए । उनले लघुवित्तका दलाल र झोलेहरूले दिदीबहिनीहरूलाई लुटेको आरोप लगाए । उनले भ्रष्टाचारी, दलाल र सामन्तीहरूलाई पहाड र मधेसबाट लखेट्नुपर्ने बताए । उनले आफूहरूले अहिले शान्तिपूर्ण आन्दोलन गरेको तर आवश्यक परे बन्दुक उठाउन पनि पछि नपर्ने चेतावनी दिए ।

## पशुबलिबारे कलैयामा पत्रकारहरूसँग अन्तर्क्रिया
# बलिप्रथा रोक्न नसकिने सरोकारवालाको टिप्पणी

नितेश कर्ण, वीरगंज, १९ साउन/

'बलि पशुको होइन, अन्धविश्वासको दिऔं' नाराका साथ सात्त्विक गढीमाई अभिनयमा मिडियाको भूमिका सम्बन्धित अन्तर्क्रिया कार्यक्रम शनिवार कलैयामा सम्पन्न भएको छ ।

पशु कल्याण सङ्घ नेपालको आयोजनामा कलैयामा आयोजित अन्तर्क्रियामा अध्यक्ष स्नेहा श्रेष्ठले सबै सहयोग मिल्ने बताइन् ।

गढीमाई मन्दिर व्यवस्थापन समितिका अध्यक्ष रामचन्द्र साह तेलीले पशु अधिकारकर्मीहरूले पञ्चवर्षीय गढीमाई मेलामा पशु कल्याण सम्बन्धमा आवाज उठाउने गरेको र त्यसपछिका समयमा चुप बस्ने गरेको बताए । उनले विगत एक दशकदेखि पशुबलिको नाममा प्रख्यात गढीमाई मेलाको अस्तित्व गरेका हुन्छन् र उनीहरूले कुनै पनि हालतमा आफ्नो भाकल पूरा गर्ने अठोट लिएको बेला विघ्न बाधा गर्दा विद्रोह हुन सक्नेतर्फ सचेत गरे ।

पूर्वराज्यमन्त्री कल्याण पासवानले गढीमाई मन्दिरको बलि रोक्नका लागि अभियानलाई निरन्तरता दिए मात्र केही हदसम्म रोक्न सकिने बताए ।

गढीमाई नगरपालिकाका निमित्त



प्रकारका क्रूरता, पीडा र चोटहरूबाट पशुहरूको संरक्षणविरुद्ध संस्था लड्दै आएको बताइन् । उनले देशभरका विभिन्न मठमन्दिर, शक्तिपीठहरूमा दिइने पशुबलिमा रोक लगाउनुपर्ने बताइन् । उनले मन्दिरलाई वधशाला बनाउनुको साटो त्यहाँ नरिवल, कुभिण्डोको बलि दिने कार्य गरिनुपर्ने सुझाइन् । उनले राँगा, बाख्रा र परेवाको साटो मन्दिरमा सो अनुरूपको नगदबाट सहयोग गरेको खण्डमा भौतिक संरचनाको निर्माणमा मेटाउने कार्यमा केही व्यक्तिहरू लागिपरेको आरोप लगाए । उनले मेलापछि पनि यो अभियानलाई निरन्तरता दिनुपर्ने सुझाए । उनले पशुबलि हुने बेलामा मात्र यो अभियानले गति लिने गरेको र त्यसपछि शान्त हुने गरेकोले मानिसमा चेतना अभिवृद्धि हुन नसकेको बताए । उनले पशुबलि रोक्नका लागि ठोस नीतिसहित सचेतना कार्यक्रमलाई निरन्तरता प्रदान गरिनुपर्ने बताए । विभिन्न व्यक्तिहरूले भाकल प्रशासकीय अधिकृत विजयप्रसाद कुशवाहाले सदियौंदेखि चल्दै आएको रीतिरिवाजलाई अन्धविश्वास भन्न नमिल्ने तर्क दिए । उनले बलिप्रथाका लागि सरकारले कुनै निर्णय गर्न सक्ने तर स्थानीयस्तरमा यसको रोकथाम तत्काल असम्भव भएको बताए । उनले मेलाको बेलामा यस प्रकारका गतिविधिले द्वन्द्व निम्त्याउने हुँदा मेलापछिको समयमा यसलाई निरन्तरता प्रदान गरिएमा सुधारका सूचक देखा पर्ने बताए ।

## भारतीय गाडीका कारण नेपाली गाडीहरू मारमा
# अनधिकृत सञ्चालनमा रोक लगाउन व्यवसायीहरूको माग

प्रस, वीरगंज, १९ साउन/

अखिल नेपाल यातायात मजदूर सङ्घ पर्साको भेला शनिवार



वीरगंजस्थित बसपार्कमा सम्पन्न भएको छ ।

भेलाले भारतीय गाडीका कारण नेपाली व्यवसायीहरू□मारमा परेको निष्कर्ष निकालेको छ, साथै आगामी दिनमा भारतीय गाडीहरू नियम कानूनसम्मत सञ्चालन हुनुपर्ने र गैरकानूनीरूपमा सञ्चालनमा रहेका भारतीय गाडी रोकथामका लागि कडा सङ्घर्ष गर्ने निर्णय गरेको छ । भेलाले वार्षिकरूपमा भन्सार शुल्क तिरेर ३० दिन मात्र भारतीय सवारीसाधनहरू नेपालमा प्रवेश पाउने नियम आगामी दिनमा कडाइ गरिने जनाएका छन् ।

भेलामा सहभागी मजूदर सङ्घ पर्साका अध्यक्ष नैमुद्दीन अन्सारी, यातायात व्यवसायी एवं वडाध्यक्ष जगतप्रसाद कानू, सानु पोखरेल, अखिल ट्रेड युनियन महासङ्घका सचिव मीनप्रसाद चापागाईं, बारा अध्यक्ष खड्गप्रसाद लामा, कृष्ण मरासैनीले भारतीय गाडीहरूले अनधिकृतरूपमा ३६५ दिन नै भन्सार शुल्क काटेर नेपालमा भाडामा गाडी सञ्चालन गर्दै आएको बताए । उनीहरूले भारतीय सवारीसाधन सस्तोमा उपलब्ध हुने तर नेपाली सवारीसाधन महँगोमा खरीद गरेर सञ्चालन गर्नुपर्ने बाध्यता रहेकामा स्थानीय प्रहरी प्रशासनले गैरकानूनीरूपमा सञ्चालित भारतीय सवारीसाधनहरूमा रोक लगाउनुपर्ने माग गरे । उनीहरूले यसबारेमा स्थानीय प्रहरी प्रशासनलाई लिखित जानकारी गराइसकेको र आगामी दिनमा आन्दोलनको विकल्प नहुने चेतावनी पनि दिए । हामीहरूले कानूनीरूपमा सञ्चालनका लागि रोक लगाउन भनेका छैनौं, तर नियम कानून मिचेर सञ्चालित सवारीसाधनहरूको रोकथाम प्रहरी प्रशासनबाट हुनुपर्ने तर त्यसो नभएकोले विरोध गर्नुपरेको बताए ।

# ३१ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, १९ साउन/

सानो पाइलाले शनिवार




परवानीपुरमा आयोजना गरेको रक्तदान कार्यक्रममा एकजना महिलासहित ३१ जनाले रक्तदान गरेका छन् ।

रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक जीतेन्द्र कुशवाहाले रमिता कुशवाहा, विवेक कर्ण, सुरेश पहारी, अजीत झा, दीनानाथ यादव, दीपक पण्डित, दीपेश गुप्ता, रूपेश लामा, जयप्रकाश यादवलगायतले रक्तदान गरेको बताए ।

# वाटरपम्प चोरी वृद्धिले सिंचाइ कार्य प्रभावित

ओमप्रकाश चौधरी, सेढवा, १९ साउन/

पर्साका ग्रामीण भेगमा सुरक्षा व्यवस्था कमजोर भएकाले किसानले सिंचाइ गर्ने वाटरपम्प चोरीका घटनामा वृद्धि भएको छ । जगरनाथपुर, पटेर्वासुगौली तथा जीराभवानी गाउँपालिकामा वाटरपम्प चोरीका घटनामा वृद्धि भएको किसानहरूले बताएका छन् ।

जगरनाथपुर गापा–६ औराहाका किसान वीरेन्द्रप्रसाद कुर्मीका अनुसार उनको टोलमा मात्र पाँच/छ वटा वाटरपम्प चोरी भएका छन् । सो वडाका अन्य टोल गरी एक साताभित्र अढाई दर्जन वाटरपम्प चोरी भएको कुर्मीले बताए । पम्प जडान गरी सिंचाइ गरिरहेको अवस्थामा एकछिन खाना खाएर फर्किंदा पम्प चोरी हुने गरेको कुर्मीले बताए । यस क्षेत्रमा सुरक्षा व्यवस्था कमजोर भएकाले यस्ता चोरीका घटना भइरहेको कुर्मीको आरोप छ ।

यसैगरी, औराहा, निचुटा, अकवा, प्रसौनी, मनिहर्वा, सुहपुर, सोहरी, सुगौलीलगायतका स्थानबाट वाटरपम्प चोरीका घटना बढी रहेका छन् ।

पटेर्वासुगौली गापा–४ दाप सुगौलीका रामाशङ्कर चौधरीले गाउँबाट एकै राति तीनवटा वाटरपम्प चोरी भएको बताए । यसका साथै अन्य टोलमा पनि वाटरपम्प चोरी भएको घटना सुन्नमा आएको उनले बताए ।

दमकल प्रयोग गरी किसानहरूले बालीमा भूमिगत सिंचाइ गर्दा निकै खर्च हुने गर्थ्यो । विगत दुई वर्षदेखि नेपाल विद्युत् प्राधिकरणले विद्युतीय पोल र तारको विस्तारसँगै किसानहरूले कृषि मिटर जडान गर्दै सिंचाइ सुविधा भोग गरिरहेका थिए । कृषि मिटर प्रयोगकर्ता किसानहरूलाई स्थानीय सरकारले ५० प्रतिशत र शतप्रतिशत अनुदानमा वाटरपम्प उपलब्ध गराउँदै आएको छ । पालिकाबाट अनुदानमा मोटर पाउन नसकेका किसानहरूले धान/गहुँ बिक्री गरेर आर्जन गरेको रकमबाट वाटपम्प खरीद गरेका छन् । अनुदान र आफ्नो खर्चमा खरीद गरिएका मोटर चोरी हुन थालेपछि किसानहरू दुःखी भएका छन् । उनीहरूले एकपछि अर्को चोरीका घटना भइरहँदा पनि सुरक्षा व्यवस्थामा सुधार नभएको गुनासो गरे ।

जीराभवानी गापा–३ का पूर्वअध्यक्ष उमेशकुमार सिंहले गत वर्ष पोखरीमा जडान गरेका तीनवटा मोटर चोरी भएको बताए । गत वर्ष जीराभवानी गापामा मात्र झन्डै तीन दर्जन मोटर चोरी भएको सिंहले बताए । बढ्दो चोरीका घटनाबाट आजित किसानहरूले अहिले भने बिहान मोटर जडान गरी सिंचाइ गर्ने र साँझ खोलेर घर लग्ने गरेकाले चोरीका घटनामा कमी आएको बताए ।

### विचारसार र सूक्तिहरू

**जो व्यक्ति सदैव आफ्नो उन्नतिको लागि प्रयत्नशील रहन्छ, उससँग अरूको कुभलो गर्ने समय नै हुँदैन ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज ११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# हामी चैतन्य छौं कि यो भ्रम मात्र हो

हामी चैतन्य छौं कि यो भ्रम मात्र हो

चेतना वा कान्ससनेस यस्तो चुनौती हो, जसको सम्यक समाधान वर्तमान वैज्ञानिक उपलब्धिहरूको परिक्षेत्रभन्दा बाहिरको विषयवस्तु भन्न सकिन्छ । सम्भवतः यही कारण हो कि वैज्ञानिकहरूले यसलाई आजको समयको सबैभन्दा गम्भीर वैज्ञानिक चुनौतीहरूमा सम्मिलित गरेका छन् । उनीहरूले यस्तो भन्दछौं, त्यो वस्तुतः मनद्वारा उत्पन्न गरिएको भ्रम मात्र हो । भ्रमवाद वा इल्युजनिज्मको नामले विख्यात यो वैज्ञानिक अवधारणाले झन्डै त्यसै चिन्तनको पुष्टि गर्दछ, जसलाई वर्षौं पहिले आचार्य शङ्करद्वारा 'ब्रह्म सत्यं, जगत् मिथ्या' भनेर परिभाषित गरिएको थियो ।

यस्तो पनि होइन कि यस निष्कर्षमा वैज्ञानिकहरू तुरुन्त पुगे । सन् १९९८ मा प्रसिद्ध वैज्ञानिकहरूमा यस कुरालाई लिएर शर्त ठोकिएको थियो कि हाम्रो शरीरमा चेतनाको जुन केन्द्र छ, त्यसलाई वैज्ञानिक परीक्षण गरेर खोज्न सकिन्छ । क्रिस्टाफ काक सहमत थिए कि यस्तो सम्भव छस जबकि डेनियल चाल्र्सले भने कि यस्तो हुन सम्भव छैन ।

**यो भ्रम हामीले मायारूपी आवरणद्वारा स्वयं नै उत्पन्न गरेका हौं र अब त्यसबाट मुक्त हुने उपाय खोजिरहेका छौं । वेदान्त यसलाई मोक्ष वा मुक्ति भन्दछ र सम्भव छ कि अन्ततः समस्त वैज्ञानिक शोधहरू पनि यसै एक स्थानमा वा बिन्दुमा आएर एकमत हुनेछन् ।**

भन्नुका पछाडिको कारण पनि स्पष्ट छ ।

हाम्रो खुट्टामा चोट लागदछ भने यो चोट, भौतिक घटनाक्रम भएर पनि, एउटा चैतन्य घटनाक्रमलाई जन्म दिन्छ, जसमा हामी त्यस चोटको दुःखाइलाई महसुस गर्न सक्छौं र कैयौंपटक त कुनै भौतिक घटनाक्रम पनि आवश्यक हुँदैन र एउटा चैतन्य घटनाक्रम घटित हुन पुग्छ । उदाहरणका लागि कुनैको सम्झना आउँदा मनमा जुन भावनाहरूको जन्म हुन्छ, त्यसलाई कुन रूपमा परिभाषित गर्ने ?

वैज्ञानिकहरूको दृष्टिमा प्रश्न स्पष्ट छ, उत्तर भने जटिल । प्रश्न यो हो कि यी घटनक्रमहरूको आधार के हुन्छ ? हामीभित्र चेतनतालाई जन्म दिने काम कसले गर्दछ ? १६ औं शताब्दीमा प्रसिद्ध वैज्ञानिक देकार्तले ड्युअलिज्मको सिद्धान्तको माध्यमले यो भन्ने प्रयास गरेका थिए कि यस संसारमा माइन्ड स्टफ वा मनसँग सम्बन्धित चेतनात्मक ज्ञान र मैटर स्टफ वा जड शरीरसँग सम्बन्धित ज्ञान एकअर्काभन्दा भिन्न छन् र यिनमा कहिले पनि एकात्मकता सम्भव छैन ।

एक समय निकै प्रभावी मानिएको यो सिद्धान्त अब धेरैजसो वैज्ञानिकद्वारा निरस्त गरिसकिएको छ । आश्चर्यको कुरा यो हो वा यसरी भनौं कि यो अवश्यम्भावी नै थियो कि अब धेरैजसो वैज्ञानिक चेतनताको जुन सिद्धान्तलाई स्वीकार गर्दछन्–त्यो सिद्धान्त त्यही हो, जसलाई शताब्दीऔं पहिले आचार्य शङ्करले प्रतिष्ठापित गरेका थिए ।

विगत वर्षहरूमा गरिएका वैज्ञानिक शोधहरूको के मान्यता रहेको छ भने जसलाई हामी संसार भन्दछौं वा संसारलाई अनुभव गर्ने जुन भाव वा चेतना हो, त्यो एउटा भ्रम मात्र हो, यसबाहेक केही होइन । उदाहरणका लागि यो थाहा पाएर धेरैलाई आश्चर्य लाग्ला कि अनेक वस्तुको आफ्नो कुनै रंग छैन तर हाम्रो मस्तिष्कले तिनको सरलीकरणका लागि तिनलाई एक प्रकारको कलर कोड गरिदिन्छ, जसले धेरै जानकारीहरूलाई एकै साथ सङ्ग्रहीत गर्न सजिलो होस् ।

केही यस्तो वर्तमान समयमा सर्वमान्य वैज्ञानिक अवधारणाको मान्यता छ । टफ्टस विश्वविद्यालय, अमेरिकाका वैज्ञानिक डेनियल डनेट भन्दछन् कि जसलाई हामी चेतनता वा अनुभव

क्रिस्टाफले यस्तो मान्नुको पछाडि एउटा कारण पनि थियो । उनी त्यस बेला एल इन्स्टिच्युटका निदेशक थिए, जसको स्थापना उनले म्ल्ड को खोजकर्ता फ्रान्सिस क्रिकका साथ गरेका थिए ।

उनको यस्तो धारणा थियो कि जस प्रकार जीवनको आधार म्ल्ड लाई खोज्न सकियो, त्यस्तै चेतनताका साथ पनि सम्भव छ ।

दुर्भाग्यवश यस्तो हुन सकेन । वैज्ञानिक परीक्षणहरूमा कहिले क्लास्ट्रमलाई चेतनताको केन्द्र मानियो भने कहिले थैलेममलाई । सन् २०२१ मा न्यूयोर्क विश्वविद्यालयमा ओमरी राकाद्वारा गरिएको परीक्षणमा के थाहा पाइयो भने प्रिफ्रन्ट कार्टेक्सलाई कान्ससनेसको रिले स्टेशन भन्न सकिन्छ, तर समग्र अनुभवका लागि यो एकाकीरूपले जिम्मेदार छैन ।

यदि बाह्य जगत्को अनुभवहरूको सङ्ग्रहीकरण यहाँ भइ पनि रहेको छ भने पनि हाम्रो, हामीप्रति जागरुकता ( हामी हौं) र हाम्रो जागरूकताप्रति जागरुकता (हामी यो अनुभव गरिरहेका छौं कि हामी हौं–यिनको केन्द्र यो होइन । सारांशमा यो भन्न सकिन्छ कि वर्तमान वैज्ञानिक परीक्षण यो सिद्ध गर्न असमर्थ छन् कि हाम्रो अस्तित्वमा कान्ससनेसको भौतिक केन्द्र कहाँ छ र के हो ?

यस क्षेत्रमा गरिएका परीक्षणहरूबाट यो स्पष्ट भएको छ कि मस्तिष्क एउटा ग्लोबल वर्कप्लेसजस्तै काम गर्दछ, जहाँ धेरैजसो अनुभव त अचेतन मनमा एकत्रित हुन्छन् र केहीलाई हाम्रो मस्तिष्क एकरूपता प्रदान गर्नका लागि चेतन मनलाई उपलब्ध गराउँछ ।

यस सिद्धान्तलाई इन्टिग्रेटेड इन्फोर्मेशन सिद्धान्त भनेर नामाकरण गरियो । यस सिद्धान्तलाई चुनौती दिने वैज्ञानिकहरूमा प्रिन्सटन विश्वविदालयका माइकल ग्रेजिनो एवं ससेक्स विश्वविद्यालयका डा. अमित सेठ हुन्, जसको यो मान्यता छ कि चेतनता एउटा परिष्कृत मानसिक प्रक्रिया हो, तर तब पनि यो भ्रमबाहेक अरू केही होइन ।

हामी चैतन्य हौं, यस कुराको परिचय वैज्ञानिक दृष्टिले अनेक माध्यमबाट पाइन्छ । उदाहरणका लागि, स्वयंलाई चिन्नु, आफ्नो मन एवं मानसिक क्रियाकलापहरूप्रति जागरुकता, निर्णय क्षमता र गलत निर्णय लिंदा दुःखी अनुभव गर्नु, तनाव महसुस गर्नु, निद्रा एवं सपना आउनु आदि । वैज्ञानिक दृष्टिले यी सबै अनुभवहरू हुनु हाम्रो चेतना वा कान्सस छ भन्ने प्रमाण हो ।

बिस्तारैबिस्तारै अब सबै वैज्ञानिक शोध यसतर्फ सङ्केत गरिरहेका छन् कि यो अनुभव भ्रम वा इल्युजनका अतिरिक्त केही होइन । वैज्ञानिकहरू भ्रमको उत्पत्तिको कारण क्रमिक विकासवाद वा इभोल्युशनलाई मान्दछन् तर पूर्वीय अवधारणा यस दृष्टिसँग एकमत छ कि सम्भवतया यस भ्रमको कुनै कारण छैन ।

यो भ्रम हामीले मायारूपी आवरणद्वारा स्वयं नै उत्पन्न गरेका हौं र अब त्यसबाट मुक्त हुने उपाय खोजिरहेका छौं । वेदान्त यसलाई मोक्ष वा मुक्ति भन्दछ र सम्भव छ कि अन्ततः समस्त वैज्ञानिक शोधहरू पनि यसै एक स्थानमा वा बिन्दुमा आएर एकमत हुनेछन् । विगत दिनका घटनाक्रमहरूले केही यस्तै परिलक्षित गरिरहेका छन् ।

# अर्थ-राजनीतिक अपराधीकरणका अवयव

समयान्तर



ओमप्रकाश खनाल
omkhanal@gmail.com

**राजनीतिको आडमा जस्तै कुकृत्य गरे पनि सदर हुने र त्यसको बचाउमा सत्ता र शक्तिको चरम दुरुपयोगको दृश्य सामान्यजस्तो लाग्न थालेको छ । जसको हातमा सत्ता र शक्ति छ, त्यो बेला उसले दुरुपयोग–दोहन गर्नु स्वाभाविकै हो भन्ने पर्न थालेको छ ।**

अपराधको राजनीतिकरण कि राजनीतिको अपराधीकरण भन्ने विषय समकालीन अर्थ–राजनीतिमा द्विविधामुक्त छैन । अपराध कर्म गरी सजायबाट जोगिन कुनै न कुनै राजनीतिको फेरो समाउन पुग्नेहरू, जस्तोसुकै अपराधलाई राजनीतिक आवरण ओढाएर उन्मुक्तिको उपाय खोज्नेहरू र राजनीतिमा छिरेर नीति र नियमको छिद्र समातेर वा नियम कानून नै फेरेर अपराध गर्ने र अपराधको दाग मेटाउन तल्लीन हुने प्रवृत्ति समकालीन राजनीतिको विशेषताकै रूपमा स्थापित भइसकेको छ ।

राजनीतिक आबद्धता र त्यस्तो राजनीतिले सानै भए पनि सत्ता गणितलाई प्रभाव पार्ने हैसियत राख्ने हो भने अदालतबाट दोषी ठहर भएकालाई पनि सजायबाट उन्मुक्ति दिने जुन खालको अभ्यास स्थापित भइराखेको छ, यसले न्यायको मर्म मरेको छ । राजनीतिमा लागेकाहरूले नीति नियम आफ्नो स्वार्थ अनुकूल बनाउँदै जाने र सकभर त्यसको गलत व्याख्या र दुरुपयोग हुने हो भने यो देश कसका लागि ? आम नागरिकका लागि कि राजनीतिक आवरण ओढेका अपराधीका लागि ? प्रश्न स्वाभाविक रूपमा उठिराखेको छ ।

जस्तोसुकै अपराध गरे पनि राजनीतिक खोल ओढेकाहरूलाई हतपत नियम–कानूनले छुन सक्दैन, कानून भनेको त निर्धा र निमुखाका लागि मात्रै हो भन्ने आम मनोविज्ञान यसै बनेको होइन । राजनीति भनेकै जालझेल, धोखाधडी, तिकडम र अपराध कर्मको सम्मिश्रण हो भन्ने परिराखेको छ । अहिलेको राजनीतिमा स्टन्ट र स्वार्थी गठजोडका अघिल्तिर नीति, विचार, सिद्धान्त, निष्ठा, समर्पण र एजेन्डा पराजित भइराखेको छ । राजनीति कि त दुई नम्बरी पैसावालले गर्ने हो, होइन भने स्टन्टबाजहरूको वशको विषय हो भन्ने परेको छ ।

कर्म–कुकर्म जेजसरी भए पनि अकुत आर्जन गरेर पहिले आर्थिक हैसियत बनाउने र त्यसपछि राजनीतिमा छिरेर 'सामाजिक हैसियत र प्रतिष्ठा' हत्याउने, यही हो समकालीन राजनीतिक सिद्धान्त । स्थानीयदेखि सङ्घीय सत्ता र तिनका उपकमहरूमा हामीले चुनेर पठाएका मानिसहरूको अनुहार स्मरण गरौं त, अपवादबाहेक विवादित व्यक्तिहरूकै बाहुल्य र बोलाबाला देखिन्छ । राजनीतिमा राजनीतिक पृष्ठभूमिका मानिसहरू औंलामा गन्न सकिन्छ; तस्कर, बदनाम ठेकेदार, दुराचारी, अनेक अपराध ठहर भएका अपराधी र अभियुक्तहरूको वर्चस्व छ ।

दोष त्यस्ता व्यक्तिको होइन, जसले हामीमाथि शासन चलाइराखेका छन् । दोष हाम्रो हो, जसले ती पात्रहरूलाई त्यो स्थानमा पुऱ्याउन कुनै न कुनै तरीकाले भूमिका खेल्यौं । आज विज्ञ, बुद्धिजीवी, प्राज्ञिक र सचेत भनिएका व्यक्तिमात्र होइनन्, यस्ता औसत जमात त्यही प्रवृत्तिको बन्धक भइराखेको अवस्था छ । आज कुनै यस्तो एउटा नेता छैन, जसलाई यो मेरो नेता भनेर गर्व सकियोस् । नेता त त्यो हो, जसको नाममात्र उच्चारण गर्दा गर्वले छाती चाक्लो होस् ।

यो भयो नीति गायब भएको राजनीतिको कुरा, हुँदाहुँदा अब राजनीतिको यो असङ्गतिले गरिखाने वर्ग भनेर चिनिएको निजीक्षेत्रलाई पनि गाँज्न थालेको भान भइराखेको छ । अहिले सतहमा रहेको डेकिकेटेट र ट्रङ्क लाइनको महसूल विवादमा राजनीति घुसेको आभास भइराखेको छ । सरकारले पटकपटक छानबीन आयोग बनाएर निकासको बाटो पहिल्याइसकेको विषयलाई अहिले राजनीतिक आग्रहका आधारमा गिजोल्ने काम भइराखेको छ । राजनीतिक आवरणमा अपराधले आक्रान्त अर्थ–सामाजिक परिवेशमा यो नयाँ सकसको अध्यायको रूपमा स्थापित हुने सङ्केत देखिएको छ ।

जनतालाई १८ घण्टा अँध्यारोमा राखेर सीमित व्यापारीलाई चर्को मूल्यमा दिइएको बिजुलीको महसूल मिनाहा गरिदिने खेलमा सत्ताको नेतृत्व गरिराखेको नेकपा एमाले हात धोएर लागेको प्रधानमन्त्रीदेखि दलीय नेताहरूको अभिव्यक्ति र आचरणबाट पुष्टि भइआएको छ । हो, कुनै पनि उद्यमीबाट अन्यायपूर्ण तरीकाले महसूल तिराउनु हुँदैन, त्यसको आधार प्रमाणका भरमा निरुपण खोजिनुपर्दछ । तर, फरक राजनीतिले सत्ता नेतृत्व गरेका बेला भएको निर्णय हो भन्ने पूर्वाग्रहकै आधारमा सोलोडोलो उन्मुक्तिको तानबाना बुनिएको भान भइराखेको छ । त्यो आमजनतासँग गद्दारी हो ।

प्रतिनिधिसभा अन्तर्गतको सार्वजनिक लेखा समितिले नेपाल विद्युत् प्राधिकरणसँग उद्योगहरूमा दिएको डेडिकेटेट र ट्रङ्क लाइनको विद्युत् महसूलको प्रमाणसहितको विवरण ५ दिनभित्र समितिमा पेश गर्न निर्देशन दिएको छ । अघिल्लो सरकारले बनाएको छानबीन आयोगको सुझावमा २०७२ सालदेखि २०७५ वैशाखसम्मको महसूल लिने सुझाव दिएको र त्यसलाई मन्त्रिपरिषद्ले पारित गरिसकेको अवस्थामा त्यो निर्णयको स्वामित्व लिनुको सट्टा गिजोल्ने काममा उद्यत देखिएको छ । यसमा सत्ताको नेतृत्व गरिराखेको दल नेकपा एमालेका सांसदहरूको भूमिका अग्रस्थानमा छ ।

प्राधिकरणको नेतृत्वले प्रधानमन्त्रीको मौखिक आदेश नमानेकै कारण सृजित आक्रोशित मनोविज्ञानले राज्यलाई अर्बौं रुपियाँ घाटा भिराउने खेल भइराखेको छ । यो 'सौताको रिसले लोग्नेको काख फोहोर' पारेजस्तै हो । आग्रहकै आधारमा आर्थिक अवयव र राज्यको आयस्रोतलाई गिजोल्दै जाने हो भने राजनीतिक बेथिति र अदूरदर्शिताले थलिएको सामाजिक सरोकारमा आर्थिक सङ्कटको आयाम पनि थपिने कुरामा कुनै शङ्का आवश्यक छैन ।

आज कामगरी खाने वर्ग अपमानित, प्रताडित हुने, राजनीतिको आवरणमा राज्य शक्ति र स्रोतको दुरुपयोगमा मग्न झुन्डहरू समाजमा सम्मानित हुने अवस्था छ । सम्भवतः यही दृश्यले लोभिएर हुन सक्दछ, आज हरेकजसो ठूला औद्योगिक व्यापारिक घराना राजनीतिमा प्रत्यक्षरूपमा सहभागी भएको अवस्था छ । उनीहरूको राजनीतिक यात्राको औचित्य के ? राजनीतिक निकटतालाई आफ्नो व्यापार–व्यवसायका लागि दुरुपयोग गर्ने प्रवृत्ति सतहमै देखिएको छ । पहिले गुपचुप हुने कर र राजस्वका दरका चलखेल अहिले खुलेआम भइराखेका छन् । यो राजनीतिमा निजी क्षेत्र प्रत्यक्ष सहभागिताको खराब दृश्यको उदाहरणमात्रै हो । नीति नियम नै फेरेर अमुक व्यापारिक घरानालाई लाभ दिने खेलको योजनाकार ठानिएका व्यक्तिले आज सत्ताको नेतृत्व गरिराखेको अवस्थामा यो राजनीतिबाट के र कस्तो खालको विधिको शासनको अपेक्षा राख्न सकिएला ?

आज राजनीति, व्यापार व्यवसायभन्दा, सहज कमाउ–धन्दा बनेको छ । मन्त्रीले गर्ने निर्णयदेखि पदस्थापनसम्मका दररेट बजारमा छ्याप्छ्याप्ती देखिन्छन् भने त्यस्तो नेतृत्वबाट कस्तो काम होला ? स्वाभाविक छ, जसरी भए पनि कमाऊ, त्यही कमाइ चुनावमा खर्च गरेर सत्तामा उक्ल । यही एकल अभीष्ट आज राजनीतिको पर्याय बनेको छ ।

राजनीतिमा कुनै योग्यता–दक्षता चाहिँदैन । पैसा खर्च गर्ने सामर्थ्य भए पुग्छ । एक समय थियो राजनीतिका लागि त्याग, बलिदान, समर्पण, योगदान चाहिन्थ्यो । अब राजनीतिमा पस्न पैसा चाहिन्छ, स्टन्टमा पोख्त हुनुपर्दछ । राजनीतिकरूपमा जति नै योग्य व्यक्ति भए पनि पैसामा कमजोर भए उसलाई उसकै पार्टीले पत्याउँदैन । उसको भागको टिकट कुनै विवादास्पद व्यापारी, तस्कर र ठेकेदारको हातमा पुग्छ । राजनीतिमा जीवनको ऊर्जाशील समय रित्याएको राजनीतिकर्मी नवप्रवेशी पैसावालको झोला बोक्न अभिशप्त भइराखेको छ, अहिलेको राजनीतिको बिझाउने सत्य यही हो ।

राजनीति त व्यापारभन्दा पनि उत्तम कमाउ–धन्दा बनेको छ । राजनीतिक पृष्ठभूमि (चाहे त्यसको पृष्ठभूमि हत्या र हिंसाले लतपतिएकै किन नहोस्) बाट उदाएको दाबी गर्नेहरूको आलिशान र भव्य जीवनशैली हेर्दा नवसामन्तको झल्को आइराखेको छ । महाराजाहरूलाई सामन्त देख्नेहरूले हुर्काइराखेको परिवार र नातावादको अगाडि राजनीति लाजले निहुरिएको छ ।

राजनीतिको आडमा जस्तै कुकृत्य गरे पनि सदर हुने र त्यसको बचाउमा सत्ता र शक्तिको चरम दुरुपयोगको दृश्य सामान्यजस्तो लाग्न थालेको छ । जसको हातमा सत्ता र शक्ति छ, त्यो बेला उसले दुरुपयोग–दोहन गर्नु स्वाभाविकै हो भन्ने पर्न थालेको छ । यसरी राजनीतिको आडमा हुने अपराधको समान्यीकरण हुनु सामान्य कुरा होइन । यसलाई समकालीन समाजले सामान्य प्रक्रियाको रूपमा ग्रहण गर्नु भनेको हामी विधि र प्रक्रियाको होइन, जङ्गलराज र पाशविक परिवेशतर्फ उन्मुख भइराखेको सङ्केत हो ।

# नेपाल भ्रमण गर्न विश्वका पर्यटकलाई प्रधानमन्त्रीको आग्रह



काठमाडौं, १९ साउन/रासस

प्रधानमन्त्री केपी शर्मा ओलीले प्राकृतिक सौन्दर्य दृश्यावलोकनका लागि नेपालको भ्रमण गर्न विश्वका पर्यटकहरूलाई आग्रह गरेका छन् ।

विश्वका छानिएका 'ब्लगर'हरूको लुक्ला विमानस्थलदेखि सगरमाथा आधार शिविरसम्मको साहसिक यात्रामा आधारित 'रियालिटी शो' 'द च्यालेन्जर्स: गेम अफ हिमालयाज'को प्रिमियर शो कार्यक्रममा प्रधानमन्त्री ओलीले एकपटक नेपाल भ्रमणमा आएपछि जो कोहीलाई अर्कोपटक आफैं आउँआउँ लाग्ने बताए ।

उक्त रियालिटी शोका माध्यमबाट हिमाल र प्राकृतिक सौन्दर्यबारे विश्वजगत्लाई चिनाउन थप मदत पुग्ने उल्लेख गर्दै उनले नेपालको सुन्दर प्रकृति अवलोकन नगरिए जीवनको सार्थक अर्थ नहुने बताए ।

नेपालका हिमाल, प्रकृति, नदीनाला, छहराको अवलोकन र हात्ती चढेर जङ्गल सफारी गर्दा आउने आनन्द अवर्णनीय रहेको प्रधानमन्त्रीको भनाइ थियो । प्रिमियर शोमा लुक्ला विमानस्थल एक खतरायुक्त विमानस्थलका रूपमा प्रस्तुत गरिएको सन्दर्भमा प्रधानमन्त्री ओलीले सामान्यतः विश्वका सबै विमानस्थल एक प्रकारले खतराकै स्थितिमा हुने तर्क राख्दै लुक्ला विमानस्थलमा उडानका लागि अति तालीमप्राप्त र अनुभवी पाइलट मात्रै खटिने स्पष्ट पारे ।

प्रधानमन्त्री ओलीले भने, “म आफैं धेरैपटक विमान चढेर लुक्ला पुगेको छु, विमानस्थल खोंचमा रहेको र धावनमार्ग सानो भएपनि त्यहाँ दैनिक ८५ उडान हुन्छन् । अनुभवी पाइलटका कारण अहिलेसम्म कुनै दुर्घटना भएको छैन । त्यस कारण लुक्ला विमानस्थलमा कुनै खतरा छैन । विमानस्थल सुरक्षित छ । यसको जिम्मा म लिन सक्छु ।”

प्रधानमन्त्री ओलीले नेपालमा सगरमाथासँगै चर्चा गर्न लायक हिमालहरू कञ्चनजङ्घा, मकालु, चोयु, मनास्लु, अन्नपूर्ण, धौलागिरिलगायत रहेको बताए । प्रिमियर शो हेर्न प्रधानमन्त्री ओलीका धर्मपत्नी राधिका शाक्य, संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डे, नेपालस्थित अमेरिकी राजदूतावासका अधिकारी, ख्यातिप्राप्त कलाकारलगायत उपस्थित थिए । श्री गुरुङद्वारा निर्देशित यस रियालिटी शोमा नेपालसहित छ देशका ११ जना १९ देखि ३० वर्ष उमेरसमूहका युवा ब्लगरहरू सहभागी छन् ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

## अन्तर्राष्ट्रिय समाचार

# ह्यारिस डेमोक्रेटिक पार्टीको आधिकारिक उम्मेदवार

वाशिङ्टन डिसी, १९ साउन/एएनआई



आसन्न चुनावका लागि अमेरिकी डेमोक्रेटिक पार्टीले उपराष्ट्रपति कमला ह्यारिसलाई राष्ट्रपति पदको उम्मेदवार चयन गरेको छ।

डेमोक्रेटिक पार्टीका अधिकारीहरूले बहुमतसहित ह्यारिसलाई आफ्नो पार्टीको तर्फबाट राष्ट्रपति उम्मेदवार चुनेको घोषणा गरेका छन्।

यसै सन्दर्भमा ह्यारिसले सामाजिक सञ्जाल एक्समा पोस्ट गर्दै भनिन्–"म संयुक्त राज्य अमेरिकाको राष्ट्रपति पदका लागि डेमोक्रेटिक उम्मेदवार हुन पाउँदा सम्मानित भएकी छु।"

आगामी हप्ता आधिकारिक मनोनयन स्वीकार गर्ने ह्यारिसले बताएकी छन्।

वाशिङ्टन पोस्टका अनुसार ह्यारिस राष्ट्रपति पदको नेतृत्व गर्ने पहिलो अश्वेत तथा दक्षिण एशियाली मूलकी महिला उम्मेदवार हुन्। उनको उम्मेदवारीले लामो सयमदेखि थाती रहेका जातीय तथा लैङ्गिक सवालहरूले सार्थकता पाउने अपेक्षा गरिएको छ।

राष्ट्रपति जो बाइडेनले ह्यारिसलाई समर्थन गर्दै जुलाई–२१ मा चुनावी प्रतिस्पर्धाबाट बाहिरिने घोषणा गरेका थिए। समर्थनपछि जुलाई–२७ मा ह्यारिसले अमेरिकी राष्ट्रपति चुनावका लागि आधिकारिकरूपमा आफ्नो उम्मेदवारी उद्घोष गरेकी हुन्।

सन् २००८ मा बराक ओबामापछि अमेरिकाको इतिहासमा प्रमुख राष्ट्रपति पदको टिकट पाउने ह्यारिस दोस्रो अश्वेत व्यक्ति हुन्। रासस

# मध्यपूर्वमा सैन्य उपस्थिति बढाउँदै अमेरिका

तेल अवीव, १९ साउन/एएनआई

यस हप्ताको शुरूमा तेहरानमा हमासका वरिष्ठ नेता इस्माइल हानियाको हत्याले मध्यपूर्व क्षेत्रमा तनाव बढ्दै जाँदा अमेरिकाले उक्त क्षेत्रमा आफ्नो सैन्य उपस्थिति बढाइरहेको सिएनएनले जनाएको छ।

"रक्षा सचिव लोयड अस्टिनले हाल ओमानको खाडीमा तैनाथ 'युएसएस थियोडोर रूजवेल्ट स्ट्राइक ग्रुप' नामक नौसैनिक जहाजलाई 'युएसएस अब्राहम लिंकन स्ट्राइक ग्रुप'ले प्रतिस्थापन गर्न आदेश दिनुभएको छ"–पेन्टागनकी उपप्रेस सचिव सबरीना सिंहले एक विज्ञप्तिमार्फत बताइन्।

अमेरिकाले ब्यालिस्टिक मिसाइल आक्रमण रोक्न सक्षम विध्वंसक मिसाइल र सैन्य जहाजहरू मध्यपूर्व र भूमध्यसागरमा पठाउने सिएनएनले जनाएको छ।

विज्ञप्तिमा कुन युद्धपोत पठाइएको छ भनेर खुलाएको छैन। तर अप्रिलमा पूर्वी भूमध्यसागरमा इजरायलविरुद्ध इरानको आक्रमण रोक्न दुई अमेरिकी सैन्य जहाज प्रयोग गरिएको थियो।

"अस्टिनले यस क्षेत्रमा लडाकू मिसाइल पनि तैनाथ गर्न आदेश दिनुभएको छ"–सिंहले भनिन्।

अमेरिकाले पहिले नै यस क्षेत्रमा 'युएसएस वास्प एम्फिबियस' नामक सैन्य जहाज तैनाथ गरेको छ जुन आवश्यक पर्दा आदेश अनुसार लेबनानमा रहेका अमेरिकी नागरिकहरूको उद्धार गर्न सक्षम छ।

इरानले तेहरानमा हमासका राजनीतिक नेता इस्माइल हानियाको हत्याको बदला लिन इजरायलमाथि आक्रमण गर्ने वाचा गरेसँगै मध्यपूर्वी क्षेत्रमा तनाव बढेको हो।

इजरायलले भने हानियाको हत्या सम्बन्धमा कुनै टिप्पणी व्यक्त गरेको छैन। रासस

# छुरा आक्रमणलाई लिएर इङ्ल्यान्डको अर्को शहरमा हुलदङ्गा

लन्डन, १९ साउन/एएफपी

उत्तरपूर्वी इङ्ल्यान्डको सन्डरल्यान्डमा शुक्रवार साँझ भएको हुलदङ्गामा अधिकारीहरूले गम्भीर र निरन्तर हिंसाको सामना गरेको प्रहरीले बताएको छ।

यस हप्ताको शुरूमा भएको सामूहिक छुरा प्रहारको घटनालाई लिएर यो



हुलदङ्गा भएको हो।

घण्टौंको हुलदङ्गापछि आठजनालाई पक्राउ गरिएको र तीन अधिकारीलाई उपचारका लागि अस्पताल लगिएको नर्थम्ब्रिया प्रहरी वरिष्ठ उपरिक्षक हेलेना ब्यारनले बताए।

बिबिसीले प्रसारण गरेको फुटेजमा सन्डरल्यान्डमको सिटी सेन्टरमा सयौंको भीडले प्रहरीमाथि आक्रमण गरेको र एउटा कार र प्रहरी कार्यालयको छेउमा रहेको भवनमा आगो लगाएको देखाइएको छ।

"हामीले आज साँझ सन्डरल्यान्डमा देखेका स्तब्धकारी दृश्यहरू पूर्णरूपमा अस्वीकार्य छन्"–ब्यारनले भने। "अव्यवस्था, हिंसा र क्षति सहन गरिने छैन।"

"पक्राउ परेका आठजनाबाहेक अन्य संलग्न व्यक्तिहरू पत्ता लगाउन अनुसन्धान भइरहेको छ"–उनले भने।

त्यहाँ भएका घटनाको जवाफमा आन्तरिक मन्त्री यभेट कुपरले दङ्गाकारीलाई कडा कारबाई गर्न सरकारको समर्थन रहेको बताए।

"उनीहरूले बेलायतको प्रतिनिधित्व गर्दैनन्"–कुपरले भने।

यस अघि, लिभरपुल सिटी सेन्टर र वरपरको अव्यवस्था र आपराधिक कार्य रोक्न अतिरिक्त अधिकारीहरू तैनाथ गरिएका मर्सीसाइड प्रहरीले बताएको थियो।

प्रधानमन्त्री कीर स्टारमरले हिंसात्मक कार्य गर्ने जो कोहीलाई कानूनको दायराभित्र ल्याउने वाचा गरेका छन्। रासस

## आजको राशिफल

| | |
|---|---|
| मेष – चिन्ता | वृष – विजय |
| मिथुन – कान्तिक्षय | कर्कट – सुयश |
| सिंह – अलमल | कन्या – धनलाभ |
| तुला – कर्मप्राप्ति | वृश्चिक – अलमल |
| धनु – रोगभय | मकर – नारीसुख |
| कुम्भ – कडाश्रम | मीन – चोरभय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# दलित समुदायको प्रतिनिधित्व: सिद्धान्त एकातिर, व्यवहार अर्कोतिर

काठमाडौं, १९ साउन/रासस

नेपालको संविधानमा महिला, आदिवासी जनजाति, मधेसी, दलित र उत्पीडनमा परेका समुदायसहित राज्य संरचनामा समानुपातिक समावेशी सहभागिता हुने भनिएको छ। "...वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने," संविधानको प्रस्तावनामैं भनिएको छ।

तर संविधानको सङ्कल्प अनुसार सो व्यवस्थाको प्रभावकारी कार्यान्वयन हुन सकेकामा सरोकार भएकाहरू असन्तुष्ट छन्। कार्यपालिका (सरकार), व्यवस्थापिका (संसद्) र न्यायपालिका (अदालत)मा विगतदेखि नै पहुँच र प्रतिनिधित्व कमजोर भएका वर्ग र समुदायको अहिले पनि सन्तोषजनक सहभागिता सुनिश्चित हुन नसकेको उनीहरूको भनाइ छ। धेरैले पछिल्लो समय सरकारमा दलितलगायत समुदायको सहभागिताले पनि समानुपातिक समावेशी प्रतिनिधित्व कार्यान्वयनको अवस्था प्रस्ट हुने भन्ने गरेका छन्।

हालको मन्त्रिपरिषद्मा दलित समुदायबाट एकजना मात्रै राज्यमन्त्री छन्। यस अघिको सरकारमा पनि दलित समुदायबाट एकजना मात्रै राज्यमन्त्री थिए। अहिले प्रतिनिधिसभामा दलित समुदायबाट समानुपातिक १५ र प्रत्यक्षबाट एक गरी १६ जना सांसदको प्रतिनिधित्व छ। यो पाँच दशमलव ८१ प्रतिशत मात्रै हो। संविधान जारी भएपछिको पहिलो प्रतिनिधिसभाको निर्वाचन, २०७४ मा १९ जना (छ प्रतिशत) को प्रतिनिधित्व थियो।

संविधानसभा २०६४ मा ६०१ जनामा ५१ जना (आठ दशमलव ४८ प्रतिशत) दलित समुदायबाट प्रतिनिधित्व रहेकामा संविधानसभा २०७० मा त्यो सङ्ख्या घटेर ४१ जना (छ दशमलव ८२ प्रतिशत) मा झरेको थियो। यस समुदायबाट पहिलोपटक २०३१ सालमा हीरालाल विश्वकर्मा सहायक शिक्षामन्त्री बनेका थिए। विसं २०३१ देखि २०४१ सम्म उनी चारपटकसम्म शिक्षा राज्यमन्त्री र आपूर्ति सहायकमन्त्री बनेका थिए। विसं २०३१ देखि २०६३ सम्म देशमा धेरैजना मन्त्री बन्दा हीरालाल विश्वकर्मा, प्रकाश चित्रकार, लालबहादुर विश्वकर्मा, हरिशङ्कर परियार, गोल्छे सार्की, प्रतापराम लोहार र मानबहादुर विश्वकर्मा गरी सातजना मात्रै सहायक र राज्यमन्त्री बने। विसं २०६२/६३ को जनआन्दोलनपछि २०६३ वैशाख १२ गते गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा गठित अन्तरिम सरकारमा पहिलोपटक खड्कबहादुर विश्वकर्मा महिला, बालबालिका तथा समाज कल्याणमन्त्री र छविलाल विश्वकर्मा कृषि तथा सहकारीमन्त्री बनेका थिए।

त्यसपछि छविलाल विश्वकर्मा, महेन्द्र पासवान, खड्कबहादुर विश्वकर्मा, विशेन्द्र पासवान, दलजीत श्रीपाइली, मीनबहादुर विश्वकर्मा, जगतबहादुर सुनार विश्वकर्मा र महेश्वरजङ्ग गहतराज मन्त्री बने। त्यसैगरी, २०६३ सालपछि नवीनकुमार विश्वकर्मा, जीतबहादुर दर्जी (गौतम), खड्कबहादुर बस्याल, कलावती पासवान, दलबहादुर सुनार, गोपी अछामी, रमनी राम, धनमाया विक, कर्णबहादुर विक, विमला विक र आशा विक राज्यमन्त्री बनेका थिए।

यो तथ्यले पनि राज्यसत्तामा दलित समुदायको उपस्थिति बढाउनुको सट्टा साँघुरो पार्दै लगिएको यस समुदायका सांसदहरूको भनाइ छ। नेपाली काङ्ग्रेसका सहमहामन्त्री जीवन परियार जनसङ्ख्याका आधारमा संसद् र सरकारमा दलित समुदायको अनिवार्य उपस्थितिका लागि संविधानमैं व्यवस्था गरी कार्यान्वयन गर्नुपर्नेमा जोड दिन्छन्। संविधानको धारा ७६ (९)मा सङ्घीय संसद्का सदस्यमध्येबाट समावेशी सिद्धान्तबमोजिम प्रधानमन्त्रीसहित २५ सदस्यीय मन्त्रिपरिषद् गठन गर्ने व्यवस्था छ तर यसको पालना भएको देखिँदैन।

यसका साथै धारा ४२ (१)मा सामाजिकरूपले पछाडि परेकालाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुने व्यवस्था छ, यसको पनि व्यावहारिक कार्यान्वयन नभएको प्रतिनिधिसभा सांसद परियारले बताए।

यता संसद्मा विचाराधीन अवस्थामा रहेको सङ्घीय निजामती विधेयक महिला, आदिवासी जनजाति, मधेसी, दलित, अपाङ्गता भएका व्यक्तिलगायत सम्पूर्ण सीमान्तकृत समुदायको समान प्रतिनिधित्वसहित समावेशी सिद्धान्तबमोजिम हुनुपर्ने माग गरिएको छ। यसको पनि सुनुवाइ भएको छैन। विशेषगरी दलित समुदायका महिलाहरूले महिलाभित्र पनि सीमान्तकृत महिलाका लागि निजामतीमा आरक्षण अनिवार्य व्यवस्था हुनुपर्ने माग राखेका छन्।

संविधानको मर्म र भावनाअनुरूप निजामती सेवा हुनुपर्ने उनीहरूको माग छ। दलित महिला अधिकारकर्मी एवं दलित महिला सङ्घकी महासचिव रेणु सिजापति निजामती सेवामा महिला आरक्षणतर्फ व्यवस्था गरिएको २७ प्रतिशतभित्र दलित महिलाका लागि छुट्टै आरक्षणको व्यवस्था गर्नुपर्ने धारणा राख्छिन्। "हालको विधेयकमा महिलाभित्र पनि समावेशी समूहका आधारमा आरक्षणको व्यवस्था गर्नु राम्रो कुरा हो तर त्यसमा खसआर्य महिलाका लागि छुटयाइएको २७ प्रतिशतमा पनि दलित महिलाको प्रतिनिधित्व बढाउन आवश्यक छ," उनले भनिन्।

हालको निजामती विधेयकको प्रस्तावित मस्यौदामा महिला आरक्षणतर्फ खसआर्य २७ प्रतिशत, आदिवासी जनजाति २५ प्रतिशत, मधेसी १५ प्रतिशत, दलित १२ प्रतिशत, थारू छ दशमलव छ प्रतिशत, मुस्लिम चार प्रतिशत, पिछडिएको क्षेत्र चार र अपाङ्गता भएका व्यक्ति चार प्रतिशत गरी कोटा छुटयाइएको छ। यस अघिको ऐनमा महिलाभित्रको आरक्षण छुटयाइएको थिएन।

सङ्घीय निजामती सेवा विधेयकमा समावेशीकरण दृष्टिबाट हेर्दा विधेयकको दफा ११ को पदपूर्तिसम्बन्धी विशेष व्यवस्थाको उपदफा (१), (२) र (३) मा समावेशी व्यवस्थाका लागि छुटयाइएको पदमध्ये ४९ प्रतिशतलाई शतप्रतिशत मानी त्यसको ५० प्रतिशतमा समावेशीबाट महिला मात्र र बाँकीमा समावेशी समूहका उम्मेदवार हुने व्यवस्था गरिएको छ। नेपाल कम्युनिस्ट पार्टी (एमाले)का सचिव छविलाल विश्वकर्माले महिलाभित्र पनि दलित महिलाका लागि प्रतिशत छुटयाउनुपर्ने माग गरे।

लोकसेवा आयोगका अनुसार निजामतीतर्फ दुई दशमलव तीन प्रतिशत, प्रहरीतर्फ नौ दशमलव ४६ प्रतिशत र सैनिकतर्फ आठ दशमव १८ प्रतिशत दलितको उपस्थिति देखिन्छ। नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)का स्थायी कमिटी सदस्य परशुराम रम्तेल जनसङ्ख्याको अनुपातमा यो सङ्ख्या निकै कम रहेकाले दलितलाई आरक्षण प्रतिशत बढाउनुपर्नेमा जोड दिन्छन्। "संविधानले गरेको समानुपातिक समावेशीको सिद्धान्त अनुसार राज्यका सबै तह, तप्का र निकायमा प्रतिनिधित्व हुनुपर्छ तर अहिले त्यसको अक्षरशः कार्यान्वयन भएको देखिंदैन। यसर्थ सदियौंदेखि आर्थिक, सामाजिक, सांस्कृति, राजनीतिकरूपमा पछाडि परेका दलित समुदायलगायतको प्रतिनिधित्व बढाउनुपर्छ," उनले भने।

# नेपालमा भारतीय टेलिभिजन च्यानलको प्रसारण बन्द

काठमाडौं, १९ साउन/रासस

सरकारले नेपालमा सञ्चालित भारतीय टेलिभिजन च्यानलहरूको प्रसारण बन्द गरेको छ। करीब दुई वर्षदेखि विदेशी मुद्राको सिफारिश नदिएको भन्दै भारतीय टेलिभिजन नेटवर्कहरूले आफ्ना च्यानलको प्रसारण बिहीवारदेखि रोकेको सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले जनाएको छ।

मन्त्रालयका सहसचिव तथा प्रवक्ता गजेन्द्रकुमार ठाकुरले भने, "मुख्यतः भारतका कलर्स, स्टार, जी र सोनी नेटवर्क अन्तर्गतका च्यानलका प्रसारण रोकिएको हो। १५ चैत २०७९ देखि नै उनीहरूको विदेशी मुद्रा सिफारिश हुन सकेको छैन।" च्यानलको प्रसारण रोकेरै सरकारलाई गलाउन खोजिरहेका भन्दै ऐन, कानून अनुसार आए विदेशी मुद्रा सिफारिश दिन कुनै समस्या नरहेको उनले बताए।

१ साउन २०८० देखि यो प्रणाली लागू भएपछि भने त्यस्ता च्यानलहरूको प्रसारण नै रोकिएको थियो तर सरकारपछि हट्ने सङ्केत नपाएपछि भारतीय च्यानलहरू आलाकार्टा मूल्य प्रणालीमा जान तयार भएका थिए।

सुरुआती समयदेखि नै भारतीय टेलिभिजन च्यानलहरूले आलाकार्टा प्रणाली पालना गर्न आनाकानी गर्दै आइरहेका छन्। उनीहरूले प्रत्येक च्यानलको छुट्टाछुट्टै मूल्य तोक्ने कुरा मान्य नहुने भन्दै विरोधमा छन्। मन्त्रालयका अनुसार हाल सबै विदेशी च्यानल प्रदायकको करीब रु एक अर्ब विदेशी मुद्रा सिफारिश हुन सकेको छैन।

# ५० किलोग्राम गाँजासहित एक महिला पक्राउ

वीरगंज (पर्सा), १९ साउन/

पर्सामा ५० किलोग्राम लागूऔषध गाँजासहित एकजना महिलालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेमा ठोरी गाउँपालिका–२ सुन्दरबस्ती टोलकी ३० वर्षीया अनीता गुरौ रहेकी छन्।

जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक दीपक भारतीले लागूऔषधसहित पक्राउ परेकी गुरौले आफ्नो घरको पलङभित्र गाँजा लुकाएको भन्ने विशेष सूचनाका आधारमा खानतलाशी गर्ने क्रममा ५० किलोग्राम गाँजासहित पक्राउ गरेको जानकारी दिए।

जिल्ला प्रहरी कार्यालय, पर्सा र इलाका प्रहरी कार्यालय, ठोरीबाट खटिएका प्रहरीको टोलीले उनलाई घरबाटै नियन्त्रणमा लिएको हो। "पक्राउ परेकी गुरौलाई जिल्ला अदालत पर्साबाट पाँच दिनको म्याद थप अनुमति लिएर अनुसन्धान कार्य अघि बढाइरहेका छौं," भारतीले भने।

यसैगरी, प्रहरीले ३७ लाख ६२ हजार ९१६ मूल्य पर्ने बिलबीजक अनुसार नभएको औषधि तथा अन्य खुद्रा सामान पक्राउ गरेको छ। वीरगंज महानगरपालिका–१४ स्थित गण्डक सडकखण्डमा ना.७ख१६३१ नम्बरको ट्रकमा बिलबीजक अनुसार नभएको सामान पक्राउ गरेर राजस्व अनुसन्धान कार्यालय, पथलैयामा बुझाएको प्रहरीले जनाएको छ।

जि.प्र.का. पर्सा द.नं. १२/२०५३/०५४ प्रतीक जि. हु. का. पर्सा द. नं. १८२/२०८०/८१

# उद्योग तथा वाणिज्य क्षेत्रको विकासमा प्रदेश सरकार प्रतिबद्ध छ– मुख्यमन्त्री सिंह

प्रस, जनकपुरधाम, १९ साउन/

उद्योग तथा वाणिज्य क्षेत्रको विकासमा प्रदेश सरकार प्रतिबद्ध रहेको मधेस प्रदेशका मुख्यमन्त्री सतीशकुमार व्यक्त गरे ।

बारा–पर्सा औद्योगिक कोरिडोर घोषणा गर्नेबारे सङ्घ सरकारसँग छलफल गरिने आश्वासन दिंदै उनले सो आपूर्तिको व्यवस्था गर्ने विषयमा प्रदेश सरकार गम्भीर रहेको बताए ।

प्रदेश सरकार ई–गभर्नेन्समा जान लागेको जानकारी दिंदै मुख्यमन्त्री सिंहले


फोटो : सौजन्य मुख्यमन्त्रीको सचिवालय

सिंहले बताएका छन् ।

विभिन्न विषयमा मुख्यमन्त्रीको ध्यानाकर्षण गराउन शनिवार प्रदेश राजधानी जनकपुर पुगेका नेपाल उद्योग वाणिज्य महासङ्घको प्रतिनिधिमण्डलसँग कुराकानी गर्दै मुख्यमन्त्री सिंहले प्रदेशस्थित उद्योग तथा वाणिज्य क्षेत्रको विकास गर्दै व्यवसायीको उत्साह बढाउन प्रदेश सरकार सधै लागिपर्ने प्रतिबद्धता सम्बन्धमा प्रदेश सरकारले योजनाबद्धरूपमा काम गरिरहेको बताए ।

मुख्यमन्त्री सिंहले उद्योगको आवश्यकता र अपेक्षा अनुसार दक्ष कामदार उत्पादन गर्न प्रदेश सरकारले सीपमूलक तालीम दिने योजना बनाइरहेको जानकारी दिंदै उद्योगका लागि आवश्यक कच्चा पदार्थ नियमित र सहज रूपमा वाणिज्य तथा पर्यटन मन्त्रालयमार्फत औद्योगिक क्षेत्रको प्रवर्द्धन गर्न प्रविधिसँग जोड्ने तयारी भइरहेको बताए ।

बारा र पर्साका उद्योगी, व्यापारीको प्रतिनिधित्व रहेको महासङ्घको मधेस प्रदेश टोलीले प्रदेशको समृद्धिका लागि कृषि, पर्यटन, उद्योग क्षेत्रका चुनौती र सम्भावनाका बारे मुख्यमन्त्री सिंहलाई ध्यानाकर्षण गराएको थियो ।

प्रतिनिधिमण्डलले जनकपुरधाम तथा मधेसको चौतर्फी विकासतर्फ जोड दिएका थिए । काठमाडौंस्थित श्रम अदालतको अधिकार प्रदेशको उच्च अदालतमा प्रत्यायोजन गर्न र वातावरणीय अध्ययन प्रतिवेदनका काम प्रदेश उद्योग विभागका महानिर्देशकले गर्नेगरी कानूनी व्यवस्थाका लागि टोलीले आग्रह गरेको थियो ।

त्यसैगरी, कृषि क्षेत्र वर्गीकरण, केन्द्र सरकारको क्षेत्राधिकारमा रहेका खाद, बीउलगायत कृषिजन्य वस्तु प्रदेश सरकारमार्फत वितरण हुनुपर्ने, व्यावसायिक खेती र मूल्यमा आधारित कृषि वस्तुको अनुसन्धान गर्न राज्यले उत्प्रेरित गर्नुपर्ने, प्रदेशस्तरमा व्यापार तथा निर्यात केन्द्र सञ्चालन गरिनुपर्नेलगायत माग प्रतिनिधिमण्डलको थियो ।

प्रतिनिधिमण्डलले मुख्यमन्त्रीसमक्ष राखेका अन्य मागहरूमा धनुषाधामस्थित वन तथा मन्दिरको सौन्दर्यीकरण गरिनुपर्ने, १५ दिने परिक्रमाका तीर्थयात्रीको रात्रिबासको व्यवस्था, धार्मिक तथा पर्यटकीय स्थलको योजनाबद्ध विकास, जनकपुरधाम–जयनगर रेलवेमा मालवाहक गाडीको व्यवस्था, प्रदेशका किसानलाई प्राविधिक ज्ञान तथा सीप सिकाउनुपर्नेलगायतका छन् ।


## विपत्तिबाट बचौं र बचाऔं

- विपत्तिबाट बच्न पूर्वतयारी गरौं,
- बाढी र पहिरोजस्ता प्राकृतिक प्रकोपबाट बचौं,
- विपत्तिमा परेकालाई उद्धार र पुनर्स्थापनामा सहयोग गरौं,
- विकास निर्माणका कार्य गर्दा वातावरणीय पक्षमा ध्यान दिऔं,
- पानीको बहाव क्षेत्रमा बसोबास नगरौं, नगराऔं,
- बाढी र पहिरोको जोखिमबाट बच्न पूर्वसावधानी अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड







# खेलकूदको संसार

## महिला भलिबलमा भारतमाथि नेपालको एतिहासिक जीत

काठमाडौं, १९ साउन/रासस

राजधानीमा जारी काभा महिला भलिबल नेसन्स लिग भलिबल प्रतियोगितामा नेपालले पहिलोपटक भारतलाई पराजित गरेको छ ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकूद परिषद् (राखेप)को कभर्डहलमा शनिवार भएको खेलमा भारतलाई ३–२ को सेटमा पराजित गर्दै नेपालले ऐतिहासिक जीत दर्ता गराएको हो । महिला भलिबल प्रतियोगितामा नेपालले पहिलोपटक भारतलाई हराएको हो । जारी प्रतियोगितामा नेपालको यो दोस्रो जीत हो ।



निकै प्रतिस्पर्धात्मक खेलमा पहिलो सेट नेपालले २५–१८ ले जित्यो । खेलको दोस्रो सेट भारतले २५–१२ ले आफ्नो पक्षमा पार्‍यो । तेस्रो सेट भने नेपालले जित्यो । नेपालले भारतलाई २५–१७ ले पाखा लागायो । तर चौथो सेट १८–२५ ले गुमाएको नेपालले अन्तिम तथा निर्णायक पाँचौं सेटमा भारतलाई १५–१३ ले पराजित गर्‍यो ।

उक्त च्याम्पियनशिपमा नेपालसहित भारत, श्रीलङ्का, माल्दिभ्स र इरानको सहभागिता छ । शीर्ष चार टोलीले सेमिफाइनल खेल्नेछन् । उक्त प्रतियोगिता अन्तर्गत भोलि दिउँसो ३ बजे हुने पहिलो खेलमा श्रीलङ्का र माल्दिभ्स भिड्नेछन् भने सवा पाँच बजे हुने दोस्रो खेलमा नेपालले इरानसँग खेल्नेछ । उक्त दुवै खेल त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकूद परिषद् (राखेप)को कभर्डहलमा हुनेछ । जारी प्रतियोगिताको पहिलो खेल नेपालले श्रीलङ्कालाई ३–० को सोझो सेटमा पराजित गरेको थियो । नेपालले श्रीलङ्कामाथि २५–१९, २५–१८, र २५–१९ ले पराजित गरेको थियो ।

# निश्शुल्क आँखा शिविरमा २६ जनामा मोतीबिन्दु

प्रस, वीरगंज, १९ साउन/

वीरगंज महानगरपालिका–३१ लक्ष्मीपुरस्थित दलितबस्तीमा शनिवार निश्शुल्क आँखा शिविर सम्पन्न भएको गरीबहरूलाई लक्षित गरेर निश्शुल्क शिविर आयोजना भएकामा प्रशंसा




छ ।

सामुदाय–प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत वीरगंज सामुदायिक आँखा अस्पतालले आयोजना गरेको निश्शुल्क आँखा शिविरको नेपाली काङ्ग्रेस, पर्साका कार्यवाहक सभापति रामनारायण कुर्मीले उद्घाटन गरेका थिए । उनले आँखाका समस्या बढ्दै गएको अवस्थामा अस्पतालसम्म पहुँच नभएका दलित गरे ।

उनले शरीरको महत्त्वपूर्ण अङ्गमा आँखा पनि पर्ने हुँदा यसको हेरचाहमा लापरवाह गर्न नहुने सुझाए । शिविरमा डा प्रभात चौरसियाको नेतृत्वमा प्राविधिकहरूले आँखा परीक्षण गरेका थिए । १२१ जनाको आँखा परीक्षण गरिएकामा २६ जनामा मोतीबिन्दु देखिएको थियो ।

# सुमो पल्टँदा १० जना घाइते

प्रस, मकवानपुर, १९ साउन/

काठमाडौंबाट वीरगंजको लागि आइरहेको यात्रुवाहक सुमो मकवानपुरको मधेस प्रदेश ०३–००१ ज ०३६२ नम्बरको सुमो आफैं अनियन्त्रित भई सडकको नाला साइडमा पल्टिएको प्रहरीले


फोटोः सौजन्य

सिस्नेरीमा पल्टिंदा १० जना घाइते भएका छन् ।

कुलेखानी–सिस्नेरी सडकखण्ड अन्तर्गत इन्द्रसरोवर गाउँपालिका वडा नं ३ सिस्नेरीमा शनिवार बिहान सुमो पल्टिएको थियो । सुमो अनियन्त्रित भई पल्टिएको जिल्ला प्रहरी कार्यालय, मकवानपुरको प्रारम्भिक अनुमान छ ।

शनिवार बिहान करीब ७:२० बजे जनाएको छ । उक्त सडक दुर्घटनामा सुमोका चालकसहित सवार १० जना घाइते भएका छन् ।

घाइतेमध्ये तीनजना गम्भीर र सातजनाको अवस्था मध्यम रहेको उद्धारमा सहभागी स्थानीयले बताएका छन् । उनीहरूलाई स्थानीयस्तरमा उपचार सम्भव नभएकोले काठमाडौंतर्फ पठाएको प्रहरीले जनाएको छ ।

# घाँस काट्न गएका वृद्ध मृत फेला परे

प्रस, सर्लाही, १९ साउन/

बाख्रालाई घाँस काट्न शुक्रवार जङ्गल गएका वृद्ध शनिवार मृत फेला परेका छन् । सर्लाहीको लालबन्दी नगरपालिका वडा नं ७ निवासी ६० वर्षीय खिलराज खड्का जङ्गलमा मृत फेला परेका हुन् ।

पारिवारिक स्रोतका अनुसार उनी घाँस काटन भनी साइकल चढेर लालबन्दी–८ स्थित लालबन्दी साझेदारी वनतर्फ गएका थिए । शुक्रवार बिहान करीब ९:०० बजे जङ्गल पसेका वृद्ध साँझ अबेरसम्म घर नफर्किएपछि परिवारका सदस्यले इलाका प्रहरी कार्यालय, लालबन्दीमा जानकारी गराएका थिए ।

प्रहरी र स्थानीय बासिन्दाले जङ्गल सर्च गर्ने क्रममा साझेदारी वनभित्र शनिवार बिहान खड्काको शव बरामद भएको थियो । साइकलमा घाँस बाँधिएको र साइकलनजीकै खड्काको शव लडेको अवस्थामा फेला परेको सर्लाहीका प्रहरीका प्रमुख एवं प्रहरी उपरीक्षक रवीन्द्रबहादुर सिंहले बताए ।

घटनास्थलमा पुगेका प्रउ खड्काले मृतकको शरीरमा कुनै घाउ, चोट नदेखिएको जनाउँदै शव शल्यपरीक्षणपछि मृत्युको कारण खुल्न सक्ने बताए । शव शल्यपरीक्षणका लागि प्रादेशिक अस्पताल मलङ्गवा पठाइएको छ ।